# १२ चर्चको संगठन र एकता

*<u>यस अध्यायका मूल पदहरू</u>*: एफिसी ५:२३-२७, मत्ती २०:२५-२८, तितस १:९, मत्ती १६:१९, गलाती ६:१,२ र मत्ती २८:१८-२०।

*<u>यस अध्यायको मूल सार पद</u>*: **"तिमीहरूको बीचमा यस्तो हुनेछैन। तिमीहरूमा कोही ठूलो वा महान् हुने इच्छा गर्छ भने त्यो व्यक्ति तिमीहरूको सेवक होस्। तिमीहरूको बीचमा कोही पहिलो हुन चाहन्छ भने त्यो व्यक्ति तिमीहरूको दास होस्" (मत्ती २०:२६,२७ रूपान्तरित)।**

हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू अरू सुधारवादी वा प्रोटस्टेन्ट इसाईहरूले जस्तै मुक्ति भनेको विश्वासबाटमात्रै प्राप्त हुन्छ भनेर विश्वास गर्दछौं। त्यो विश्वास प्रभु येशूमा हो जो परमेश्वर भएर पनि मानव शरीर लिएर यस संसारमा आउनुभयो र हाम्रो निम्ति उहाँ मर्नुभयो। हामीहरूको मुक्तिको निम्ति चर्चको आवश्यकता छैन न त चर्चमा कुनै धार्मिक पदहरूको आवश्यकता छ। हामीहरूले मुक्तिको बरदानको उपभोग गर्न प्रभु येशू आफैले सबै काम सम्पन्न गर्नुभयो। येशू र हामीहरूको बीचमा कुनै मानव माध्यमको आवश्यकता छैन। हामीले पाउने आशिष सिधै उहाँबाट नै पाउँछौं। उहाँ हाम्रो सट्टामा क्रुसमा मर्नुभयो र अहिले उहाँ स्वर्गको पवित्र स्थानमा हाम्रो निम्ति महा पुजारी भएर पहल गर्दै हुनुहुन्छ।

तैपनि चर्च भनेको परमेश्वरले नै सृजना गर्नुभएको संस्था हो। परमेश्वरले नै चर्चलाई हामीहरूको माझमा राख्नुभयो। चर्चले मुक्ति दिने होइन तर संसारलाई मुक्तिको सन्देश देखाउन र सुनाउन चर्च एक साधनको रूपमा खडा गरिएको छ। सारा संसारमा सुसमाचार फैलाउन येशूले एक संगठनको स्थापना गर्नुभयो। त्यस संगठनलाई हामी चर्च भन्छौं। चर्चको लक्ष्यलाई सक्रिय पार्न, व्यवस्थितरूपमा चल्न र ठोसरूपमा परिचालन गर्न संगठनको आवश्यकता हुन्छ। सुसंगठित चर्चको सहयोग बिना येशूको मुक्तिको सन्देश व्यवहारिक र प्रभावकारी रूपमा अरूकहाँ पुऱ्याउन सकिन्दैन। चर्चलाई परिचालन गर्ने विभिन्न अगुवाहरू महत्त्वपूर्ण हुन्छन् किनभने तिनीहरूले विश्वासीहरूलाई एकताको शुत्रमा राख्न भूमिका खेल्दछन् र येशूको निम्ति तिनीहरू उदाहरण हुन्छन्।

सुसमाचार सुनाउने लक्ष्यको निम्ति चर्च संगठनले किन निर्णायक भूमिका खेल्दछ र चर्चमा भएका विश्वासीहरूको एकतालाई हुर्काउन कस्तो प्रयास गर्छन् भन्ने विषयबस्तु यस अध्यायमा अध्ययन गरिनेछ।

## १. चर्चको शिर येशू ख्रीष्ट

चर्च भनेको मानव शरीर जस्तै हो भनेर चित्रण गरेको हामीले अघिल्लो पाठमा हेऱ्यौं। चर्च वा विश्वासीहरूको समूह येशू ख्रीष्टको शरीर हो। चर्चलाई शरीर हो भन्दा त्यसले चर्चमा भएका विभिन्न पक्षहरूलाई अङ्गाल्छ र ख्रीष्ट र उहाँका जनहरूसँगको बीचमा हुने सम्बन्धलाई सम्बोधन गर्दछ। चर्च ख्रीष्टको शरीर भएको हैसियतले चर्चको अस्तित्व येशू ख्रीष्टमा भर पर्दछ। चर्चको सर्बोच्च शिर उहाँ हुनुहुन्छ (उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्।" कलस्सी १:१८, र "परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो" एफिसी १:२२)। उहाँ नै चर्चको जीवनको स्रोत हुनुहुन्छ। उहाँबिना चर्चको औचित्य छैन।

चर्च भन्ने बित्तिक्कै यसको पहिचान येशूसँग गाँसिएको हुन्छ। चर्चमा हुने विश्वासका सारहरू र शिक्षादीक्षा उहाँद्वारा नै सृजिएका हुन् र उहाँ नै त्यसको जग र स्रोत हुनुहुन्छ। यद्यपि चर्चको पहिचानको निम्ति ती कुराहरू निर्णायक भएतापनि चर्च ती कुराहरू भन्दा अझ बेसी हो। चर्च भनेको के हो भनेर परिभाषित गर्न कुनै मानव दर्शन वा विद्या नभएर धर्मशास्त्रमा प्रकट गरिएको ख्रीष्ट र उहाँको वचनले गर्दछ। यसरी चर्चको पहिचान र यसको गरिमा ख्रीष्टबाट नै उत्पन्न हुन्छ।

**चर्चको सम्बन्ध ख्रीष्टसँग श्रीमान र श्रीमतीको जस्तो हुन्छ भनेर पावलले चित्रण गर्दछन्। ख्रीष्ट र उहाँको चर्चमा हुनुपर्ने सम्बन्धको मूल विषय के हो? हेर्नुहोस् एफिसी ५:२२-२७ "२२ पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस। २३ किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ। २४ जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूका अधीनमा रहून्। २५ पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको**

**निम्ति आफूलाई अर्पण गर्नुभयो, २६ यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, २७ र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्।"**

विगत शताब्दीहरूमा चर्चका अगुवाहरूले चर्चप्रति दुर्व्यवहार गरेकोले सर्वसाधारण विश्वासीहरू चर्चको अधीनमा बस्नुपर्छ भन्ने कुरामा हामी हिचकिचाउन सक्छौं। तैपनि चर्च आफ्नो शिर ख्रीष्टको अधीनमा रहनुपर्दछ। त्यसको अर्थ उहाँको अधिकारलाई स्वीकार्नु हो। येशू ख्रीष्टमात्र हाम्रो चर्चको शिर हुनुहुन्छ भनेर हामीले स्वीकार्दा हामीहरूको निष्ठा कसमाथि हुनुपर्छ भनेर पनि ख्याल गर्नुपर्छ। हामीहरूको निष्ठा र बफादारिता केवल प्रभु येशूमा मात्र हुनुपर्छ अरू कुनै व्यक्ति विशेषसँग होइन जो हाम्रो मुक्तिको निम्ति मरेको हुँदैन। चर्च सुसंगठित हुनुपर्छ, व्यवस्थित ढँगले चल्नुपर्छ। तर चर्चको संगठन केवल येशूको स्वामित्वमा हुनुपर्छ। उहाँमात्र हाम्रो चर्चको सही अगुवा हुनुहुन्छ।

"येशू ख्रीष्ट जग हुनुभएर त्यसमाथि चर्चको निर्माण भएको हो। येशू नै सर्वेसर्वा मानेर र उहाँ शिर हुनुहुन्छ भनेर उहाँको वचन पालन गर्नु चर्चको कर्तव्य हो। चर्च मानिसहरूको भरमा पर्नु हुँदैन। चर्चलाई कुनै पनि मानिसलाई नियन्त्रणमा राख्ने अधिकार छैन। चर्चका कतिपय पदाधिकारीहरूलाई तिनीहरूको बफादारिता र विश्वासले गर्दा तिनीहरूलाई उच्च पदहरूमा राखिएको हुन्छ। तर अरू मानिसहरूले के विश्वास गर्नुपर्छ र के गर्नुपर्छ भन्ने आदेश दिन आफूहरूलाई नियुक्त गरिएको हो भनेर कतिपय पदाधिकारीहरूले दावी गर्दछन्। धर्मको नाउँमा उच्च पदमा बस्नेहरूलाई अरूहरूमाथि हुकुमी शासन चलाउने अधिकार परमेश्वरले दिनुभएको छैन। "तिमीहरू सबै दाजुभाइहरू हुन्" भनेर येशूले घोषणा गर्नुभएको छ। हो, अधिकार पाएकाहरू होस् वा नपाएकाहरू होस् सबै परीक्षामा पर्न वा अरूमाथि दवाव दिने मोहमा परेका हुन्छन् र भुल गर्न सक्दछन्। आफू कहाँ जाने हो वा के गर्ने हो भनेर अगुवाइ खोज्न कुनै पनि मरणशील मानिसहरूमा भर पर्नु हुँदैन। विश्वासको चट्टान नै चर्चमा हुने ख्रीष्टको जीवित उपस्थिति हो। त्यस चट्टानरूपि ख्रीष्टमा जुनसुकै कमजोर व्यक्ति पनि भर पर्न सक्छ र जो आफू विश्वासमा सबभन्दा बलियो छु भनेर दावी गर्छ ऊ येशूको अगाडि कमजोर भएको प्रमाणित हुनसक्छ। आफ्नो सबै दक्षता येशू ख्रीष्टमाथिनै भर परेर

चल्नुपर्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ४१४बाट रूपान्तरित।

**कुनै नाशवान मानिसहरूसँग नभएर केवल येशूसँगमात्र भर पर्न हामीले कसरी सिक्ने? अरू मानिसहरूमाथि भर पर्न सजिलो त छ तर येशूमाथि भर पर्न सिक्नु सबैको निम्ति चुनौतिको विषय हो।**

## २. सेवक अगुवा

आफ्नो सेवाकार्यको कार्यकालमा येशूले धेरै समय आफ्ना चेलाहरूसँग व्यक्तिगत रूपमा बिताउनुभएको थियो। चेलाहरूले उहाँसँग जतिसुकै समय बिताएतापनि तिनीहरूको एक आपसमा भएको को भन्दा को ठूलो भन्ने भाऊ खोज्ने प्रवृत्ति र उच्च पद पाएर शक्तिशाली हुने चाहनाले गर्दा एक आपसमा हुने डाहले येशूको मन चिढिएको थियो। येशूको राज्यमा शक्तिशाली अगुवा हुन ती चेलाहरू आतुरी भएका थिए वा तिनीहरूको दिमागमै आफूहरूलाई ठूलो पद ओगटने सोचमा परिरहेका थिए ("३३ उहाँहरू कफर्नहुममा आउनुभयो, र घरमा हुँदा उहाँले तिनीहरूलाई सोध्नुभयो, "बाटोमा तिमीहरूले के बहस गरिरहेका थियौ?" ३४ तर तिनीहरू चूप रहे, किनकि बाटोमा तिनीहरूले "हामीमा सबैभन्दा महान् को हो?" भनी आपसमा बहस गरेका थिए।" मर्कूस ९:३३-३४ र "४६ त्यस बेला तिनीहरूमध्ये ठूलो को हो भन्ने विषयमा आपसमा बहस चल्यो" लूका ९:४६)। येशूसँग अन्तिम खाना खाइरहेको बेलामा पनि अरूलाई दवाएर आफू सबभन्दा ठूलो वा प्रमुख हुने चाहनाले तिनीहरूलाई पिरोलेको थियो (लूका २२:२४)।

**चेलाहरू तँछाडमछाड गरिरहेको एक समयमा आफ्ना जनहरूको आत्मिक अगुवामा कस्तो गुण वा चरित्र हुनुपर्छ भनेर स्पष्टरूपमा येशूले कोर्नुभएको थियो। उहाँले मत्ती २०:२५-२८मा दिनुभएको आत्मिक अगुवाहरूलाई लक्षित गरेर दिनुभएको नीतिबाट हामी के सिक्न सक्छौं? चर्चमा हामी जुनसुकै स्थानमा रहेतापनि हामीहरूले अपनाउनुपर्ने येशूको नीतिलाई हामीहरूको जीवनले कसरी देखाउने? हेर्नुहोस् "२० तब जब्दियाका छोराहरूकी आमाले आफ्ना छोराहरूलाई साथमा लिई उहाँको सामुन्ने घुँडा टेकी उहाँसँग बिन्ती गरिन्। २१ उहाँले तिनलाई सोध्नुभयो, "तिमी के चाहन्छ्यौ?" तिनले उहाँलाई भनिन्, "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातपट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन्।"**

**२२ तर येशूले जवाफ दिनुभयो, "तिमीहरू के मागिरहेछौ सो जान्दैनौ। जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरू पिउन सक्छौ?" तिनीहरूले भने, "सक्छौं।" २३ उहाँले भन्नुभयो, "मेरो कचौरा तिमीहरू पिउनेछौ, तर मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन। यी स्थान तिनीहरूका हुन्, जसका निम्ति मेरा पिताले तयार गरिसक्नुभएको छ।" २४ यो सुनेर दशै जना ती दुई भाइसँग रुष्ट भए। २५ तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। २६ तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। २७ जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, २८ जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।" (मत्ती २०:२०-२८)।**

"दुई किसिमका अधिकारवालाहरूको बारेमा येशूले छोटकरीमा चेलाहरूलाई प्रस्तुत गर्नुभएको थियो। प्रथमत त्यसबेलाको रोमी साम्राज्यका हाकिमहरूले आफूभन्दा तलकालई दवाएर शासन गर्ने निति। रोमी शासनका विशिष्ट वर्गहरूले विभिन्न पदहरूमा बस्दा तिनीहरूले आफूभन्दा तलकोलाई आदेश दिएर आफ्नो नियमहरू लाद्थे। परमेश्वरलाई विश्वास नगर्नेहरूले चलाउने त्यो हुकुमी शासन थियो। तर आफ्नो चेलाहरूलाई लक्षित गरेर स्पष्ट पार्दै भन्नु भयो "तिमीहरूको बीचमा यस्तो हुकुमी शासन नचलाउनु!" बरू उहाँले सबैलाई आश्चर्यचकित पार्दै सबैलाई थाहा भएको संसारका मानिसहरूले अपनाउने अरूमाथि रजाइँ गर्ने प्रवृत्तिलाई सरासर अश्वीकार गर्नुभयो र त्यसको ठीक उल्टो नीति दिनुभयो।"-डारियस जन्किविस्ज, "सर्भिङ्ग लाइक जीससः अथोरिटी इन गड्स् चर्च", एडभेन्टिस्ट रिभ्यु, मार्च १३, २०१४, पृ. १८बाट रूपान्तरित।

यस कथामा उल्लेखित अरूमाथि प्रभुत्व वा अधिकार जमाउने धारणालाई बुझाउन येशूले दुई मूल शब्दहरू प्रयोग गर्नुभएको थियोः नोकर (डायकोनोस diakonos) र दास (डोलोस doulos)। कतिपय बाइबलको अनुवादहरूमा नोकर भन्ने शब्दलाई प्रायजसो सेवक वा मिनिस्टर (minister) भनेर प्रयोग गरिएको छ, र दोस्रोचाहीं "चाकर, नोकर" वा "दास अर्थात् पैसा तिरेर किनिएको नोकर।" येशूले के भन्न खोज्नुभएको हो सो दुवै शब्दहरूले

देखाउँछ। चर्चमा हुने विभिन्न दर्जा वा पदहरूको बनावटलाई खारेज गर्नु येशूको चाहना त होइन तर उहाँ के चाहनुहुन्थ्यो भने चर्चका अगुवाहरू प्रथमतः परमेश्वरका जनहरूको सेवक र दासहरू भएको मनस्थितिमा रहुन्। आफूहरू अगुवा वा हाकिमहरू हुँदैमा परमेश्वरका जनहरूलाई हुकुमी शासन चलाउने वा तिनीहरूलाई दवाउने वा आफ्नो पद, सम्मान र इज्जत बचाउनको निम्ति तिनीहरूलाई दवाएर चल्ने होइन। "येशूले स्थापना गर्नुभएको राज्य भिन्नै नीतिले चलेको हुन्छ। अधिकार पायो भन्दैमा अरूमाथि शासन गर्ने होइन तर अरूको सेवा गर्न आफूलाई सुम्पनुपर्दछ तर सेवा गर्न र बलियाले कमजोरीहरूको कमजोरीहरूलाई बोक्नुपर्छ। आफूसँग भएको अधिकार, पद, प्रतिभा, शैक्षिक योग्यता आफ्ना सहकर्मीहरूको सेवा गर्न प्रयोग गरियोस भनेर ठूलो जिम्मेवारी दिएर चर्चका अगुवाहरूलाई चुनिएको हो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ५५०बाट रूपान्तरित।

**येशू ख्रीष्ट आफै पनि आफ्नो चेलाहरूको सामु कस्तो किसिमको अगुवा हुनुपर्छ भनेर उदाहरणद्वारा प्रस्तुत हुनुभएको थियो। यो विवरण यूहन्ना १३:१-२०मा छ। यस अंशमा येशूले हामीलाई अझ के सिकाउन चाहिरहनुभएको छ? चर्चमा होस् वा बाहिर होस्, मानिसहरूलाई गर्ने व्यवहारमा येशूले दिनुभएको र देखाउनुभएको नीतिलाई हामी येशूभक्त हौं भनेर दावी गर्नेहरूले इमान्दारितकासाथ कसरी देखाउने? हेर्नुहोस्: "१ निस्तार-चाड़को अघि यस संसारबाट बिदा भएर पिताकहाँ जाने उहाँको समय आइपुग्यो भन्ने येशूले थाहा पाउनुभयो, अनि संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर उहाँले तिनीहरूलाई अन्त्यसम्मै प्रेम गर्नुभयो। २ अनि बेलुकीको भोजनको बेला दियाबलसले सिमोनको छोरो यहूदा इस्करियोतको मनमा उहाँलाई पक्राइदिने विचार अघिबाटै हालिसकेको थियो। ३ पिताले सबै थोक उहाँका हातमा दिनुभएको छ, र उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो, र परमेश्वरकहाँ नै जाँदैहुनुहुन्छ भन्ने कुरा येशूले जान्नुहुँदै थियो। ४ अनि उहाँ भोजनबाट उठ्नुभयो, र बाहिरी वस्त्र एकातिर राखी एउटा तौलिया आफ्नो कम्मरमा बेह्रनुभयो। ५ तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोडा धुन लाग्नुभयो, र आफूले बेह्रेको तौलियाले तिनीहरूका गोडा पुछ्न लाग्नुभयो। ६ जब उहाँ सिमोन पत्रुसकहाँ आउनुभयो, तिनले उहाँलाई भने, "प्रभु, के तपाईंले मेरा गोडा धुने?" ७ येशूले तिनलाई जवाफ दिनुभयो, "म के गर्दैछु तिमी अहिले जान्दैनौ, तर पछि बुझ्नेछौ।" ८ पत्रुसले उहाँलाई भने, "तपाईंले मेरा गोडा कहिल्यै धुनुहुनेछैन।"**

येशूले तिनलाई जवाफ दिनुभयो, “मैले धोइदिइनँ भनेता मसित तिम्रो केही हिस्सा हुनेछैन।” ९ सिमोन पत्रुसले उहाँलाई भने, “हे प्रभु, मेरा गोडा मात्र होइन, तर मेरा हात र शिरसमेत धोइदिनुहोस्।” १० येशूले तिनलाई भन्नुभयो, “नुहाइसकेको मानिसलाई गोडाबाहेक अरू केही धुनुपर्दैन, त्यो सम्पूर्ण शुद्ध छ। अनि तिमीहरू शुद्ध छौ, तर सबै त होइन।” ११ किनभने उहाँलाई विश्वासघात गर्नेलाई उहाँले चिन्नुभएको थियो। यसैकारण उहाँले भन्नुभएको थियो, “तिमीहरू सबै शुद्ध छैनौ।” १२ तिनीहरूका गोडा धोइसक्नुभएपछि आफ्नो बाहिरी वस्त्र लाएर उहाँ फेरि बस्नुभयो। तब उहाँले तिनीहरूलाई भन्नुभयो, “के तिमीहरू जान्दछौ, मैले तिमीहरूका निम्ति के गरें? १३ तिमीहरू मलाई ‘गुरु र प्रभु’ भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ। १४ यदि तिमीहरूका प्रभु र गुरु भईकन मैले तिमीहरूका गोडा धोएको छु भने तिमीहरूले पनि एक-अर्काका गोडा धुनुपर्छ, १५ किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र जसो मैले तिमीहरूका निम्ति गरें, तिमीहरूले पनि त्यसै गर। १६ साँच्चै म तिमीहरूलाई भन्दछु, नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन, अनि खबर लाने खबर पठाउनेभन्दा ठूलो हुँदैन। १७ यदि तिमीहरूले यी कुरा जान्यौ र ती गर्‍यौ भने, तिमीहरू धन्य हुनेछौ। १८ “मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइनँ, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु। तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि ‘मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो।’ १९ “यो हुन अघि अहिले नै म तिमीहरूलाई भन्दछु, ताकि जब त्यो हुन आउँछ, म उही नै हुँ भनेर तिमीहरूलाई विश्वास होस्। २० साँच्चै म तिमीहरूलाई भन्दछु, ‘जसलाई म पठाउँदछु, उसलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ, अनि मलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ’।"

## ३. चर्चको एकतालाई सुरक्षित राख्नु

यदि चर्चमा कोही अगुवा वा एल्डर अर्थात् नाइके छ भने तिनीहरू विश्वासिलो र भरपर्दो हुनुपर्छ। चर्चको त्यस्तो विश्वासिलो र भरपर्दो अगुवाहरूलाई विशेष जिम्मेवारी दिएको हुन्छ। तिनीहरूलाई कस्तो निर्णायक कामहरू सुम्पेको हुन्छ भनेर पावलले देहायका केही पदहरूमा उल्लेख गरेका छन्। हेर्नुहोस्, ती के हुन् “१४ यो कुरा तिनीहरूलाई सम्झाइदेऊ, र प्रभुको सामु आज्ञा देऊ, कि तिनीहरूले शब्दहरूका विषयमा तर्कवितर्क नगरून्, जसले भलाइ गर्दैन, तर केवल सुन्नेहरूलाई हानि पुर्‍याउँछ। १५ शर्माउन नपर्ने र

सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर। १६ भक्तिहीन बकबक त्याग, किनकि यसले मानिसहरूलाई झन् बढ़ी भक्तिहीनतातिर लानेछ। १७ तिनीहरूको बातचित सड़नको घाउजस्तो गाड़िँदैजानेछ। तिनीहरूमध्ये हुमेनियस र फिलेतस हुन्। १८ पुनरुत्थान अघि नै भइसकेको छ भनेर यिनीहरू सत्यबाट तर्किएका छन्। कति जनाको विश्वासलाई यिनीहरूले खलबल्याइरहेका छन्। १९ तर परमेश्वरको दृढ़ जग खड़ै रहन्छ, र त्यसमा यो छाप लागेको छ, "प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ," र "प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढ़ै रहोस्।" २० ठूलो घरमा सुन र चाँदीका भाँड़ाहरू मात्र हुँदैनन्, तर काठ र माटोका पनि हुन्छन्, कुनै आदर र कुनै अनादरका निम्ति। २० ठूलो घरमा सुन र चाँदीका भाँड़ाहरू मात्र हुँदैनन्, तर काठ र माटोका पनि हुन्छन्, कुनै आदर र कुनै अनादरका निम्ति। २१ जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पाऱ्यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ। २२ यसकारण जवानीका अभिलाषाहरू त्याग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरूका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख।" २ तिमोथी २:१४-२२ र "५ यसैकारण मैले तिमीलाई क्रेटमा छोडें, कि मैले तिमीलाई अह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरू पूरा गर्नू, र हरेक सहरमा एल्डरहरू नियुक्त गर्नू। ६ एल्डर एउटै स्त्रीको पति र दोषरहित र यस्तो व्यक्ति होस्, जसका छोरा-छोरीहरू विश्वासी होऊन्, र चरित्रहीन र अनाज्ञाकारी नहोऊन्। ७ किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले बिशपचाहिँ (वा चर्चको मूल अगुवा) दोषरहित हुनुपर्छ। तिनी हठी वा झट्टै रीस गर्ने, वा मतवाला, वा झगड़ालु वा धनको लोभी हुनुहुँदैन, ८ तर अतिथिसत्कार गर्ने, भलाइ प्रेमी, आफूलाई वशमा राख्ने, ईमानदार, पवित्र र संयमी हुनुपर्दछ। ९ तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झूटा साबित गर्न सकून्।" तितस १:५-९।

यदा गर्नुहोस्। पावलले बाइबल अध्ययनलाई हल्कारूपमा लिँदैनन्। बाइबलका शिक्षादीक्षाहरूलाई शुद्ध राख्नुपर्छ भनेर पावलले धेरै जोड गर्दछन्। चर्चको एकताको निम्ति यो निर्णायक कदम हो। कतिपय मानिसहरूले येशूलाई विश्वास गरे पुगिहाल्छ नि किन बाइबलका शिक्षा वा दर्शन वा विद्याहरूलाई

जान्नुपर्छ र? भन्दै ढुक्क भएर बस्छन्। तर हामीहरूमा भएका बाइबलका विशेष शिक्षादीक्षा वा विद्याहरूले नै हामीहरूलाई एकताको शुत्रमा बाँधिराख्छ। यदि एडेभन्टिस्टले सिकाएको विद्यामा कोही बलियो भएन भने त्यस्तो एडभेन्टिस्ट सजिलैसँग चर्चबाट भासिएर जान्छ। हामी एडभेन्टिस्टहरू विभिन्न जीवनशैली, संस्कार, संस्कृति, जातजाति, राष्ट्र र पृष्ठभूमिबाट आएका छौं। त्यसले गर्दा हामी सबैमा विभिन्न दिमाग वा सोचहरू हुन्छन्। तर हामी एडभेन्टिस्टहरू एक भएर बस्न चाहन्छौं भने त्यो एकताको जग येशूले हामीलाई दिनुभएको सत्य वचनहरूको बुझाइमा भरपर्छ। हामीहरूको विद्याले नै हामीलाई येशूप्रतिको प्रेमको बन्धनमा बाँधिराखेको हुन्छ। यदि एडभेन्टिस्ट चर्चमा भएको शिक्षादीक्षामा अलमलियौं वा अध्ययन गर्न हेलचेक्राइँ गर्‍यौं भने हामीहरूमा फुट हुन्छ र हामीहरूको एकता भद्रगोल हुन पुग्छ।

येशूका परमभक्त र कर्मठ अगुवा भएर पावलले तिमोथीलाई सल्लाह, निबेदन होइन तर आदेश यसरी दिन्छन् “१ परमेश्‍वरको सामने र जिउँदा र मरेकाहरूको इन्साफ गर्न आउनुहुने ख्रीष्ट येशूको सामने, अनि उहाँको आगमन र राज्यलाई ध्यानमा राखेर म तिमीलाई कड़ा आज्ञा दिँदछु, २ वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक। ३ किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन्, ४ र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरूतिर बरालिनेछन्।५ तिमीचाहिँ दह्रिला होऊ। कष्ट भोग, प्रचारकको काम गर, र तिम्रो सेवाको काम पूरा गर।" (२ तिमोथी ४:१-६)।

उपर्युक्त वचनहरू भनेर पावलले आफ्नो प्रेरित सोचहरू येशूको दोस्रो आगमनतिर र न्यायको दिनमा केन्द्रित गर्दछन्। तिमोथीलाई सरसल्लाह र आदेश पावलले परमेश्‍वरबाट पाएको अधिकार अनुसार बोल्दछन् ( “१ परमेश्‍वरको दास र येशू ख्रीष्टको प्रेरित पावलबाट, परमेश्‍वरका चुनिएकाहरूको विश्‍वास र भक्तिसँग मिल्दो तिनीहरूका सत्यको ज्ञान बढ़ाउनलाई, २ जुन विश्‍वास र ज्ञान अनन्त जीवनको आशामा स्थिर छन्, अनि कहिल्यै झूट नबोल्नुहुने परमेश्‍वरले अनन्त कालदेखि प्रतिज्ञा गर्नुभयो। ३ परमेश्‍वर हाम्रा मुक्तिदाताको **आज्ञाअनुसार** मलाई जिम्मा लाएको प्रचारद्वारा उचित समयमा उहाँले आफ्नो वचन प्रकट गर्नुभयो।" (Titus १:१-३) र “१ ख्रीष्ट येशूमा

भएका जीवनको प्रतिज्ञाअनुसार परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित पावलबाट, २ मेरो प्रिय बालक, तिमोथीलाईः परमेश्वर पिता र हाम्रा प्रभु ख्रीष्ट येशूबाट अनुग्रह, कृपा र शान्ति।" (२ तिमोथी १:१-२)। अन्तिम दिनहरूमा बाइबललाई नै औजार बनाएर बाइबलका विद्वान भनाउँदाहरूले अनेकौं गलत शिक्षाहरू फैलाउने र अनेकौं अनैतिक क्रियाकलाप बढाइरहने सन्दर्भमा पावलले तिमोथीलाई परमेश्वरको वचनलाई प्रचार गर भनेर सल्लाह दिन्छन्। तिमोथीलाई परमेश्वरको वचन प्रचार गर्न बोलाइएको हुनाले उनी अरूमा नअल्मिलिकन केवल परमेश्वरको शुद्ध वचनमा तल्लीन भएर अरूलाई सिकाइयोस् भन्ने पावलले आफ्नो इच्छा व्यक्त गर्दछन्।

तिमोथीले शिक्षादीक्षा दिने काममा मानिसहरूलाई परमेश्वरको वचन सिकाएर चित्त बुझाउनु, गलत बाटोमा लागेको छ भने सच्याउनु र उपदेश दिनु तिमोथीको जिम्मेवारी थियो। पावलले बाइबलको बारेमा दिएको निर्देशन यस प्रकार छ "१४ तर तिमीचाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा लागिरह। ती कसबाट सिकेका छौ, सो तिमी आफै जान्दछौ। १५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" (२ तिमोथी ३:१४-१७)। तिमोथीले आफ्नो अध्ययनमा सिके अनुसार बाइबलमा दिइएको विद्या अनुसार चल्नु, सिकाउनु र व्यवहारमा उतार्नुपर्दछ। त्यो पनि घमण्डी वा आफू कति न कति जान्नेछु भनेर होइन तर धैर्य धारण गरेर , सहनशील र सहिष्णुता देखाएर सिकाउनुपर्छ। एकदम कडा मिजास गरेर, अरूको आलोचना गरेर, अरूलाई दोषी बनाएर गालि गरेर कहिल्यै पनि पापीलाई ख्रीष्टतिर ल्याउन सकिन्दैन। यदि पावलले लेखे अनुसार चलियो भने, पवित्र आत्माको अगुवाइ अनुसार चलियो भने र म सेवक अगुवा हुँ तर अरूमाथि शासन गर्ने अगुवा होइन भन्ने मनिस्थिति बनाएर तिमोथी जस्तै चल्न सकियो भने चर्चको निम्ति एकदम प्रभावकारी एकताको स्रोत हुनसक्छ।

**चर्चका अगुवाहरूलाई सहयोग गरेर चर्चको एकतालाई कायम राख्न हामीहरूले के के व्यवाहारिक तरिकाहरू अपनाउन सक्छौं? हामी चर्चको**

**सहमतिमा सधैं चल्ने भएर अघि बढ्ने बल कसरी हुन सक्छौं। कतिकुराहरूमा असहमति भएतापनि चर्चको एकतालाई कायम राख्न हामीहरूको भूमिका के छ?**

## ४. चर्चको अनुशासन

चर्च संगठित हुनुपर्ने धेरै कारणहरू छन् तीमध्ये एक मूल कारण विश्वासिहरूलाई आत्मिक अनुशासनमा राख्न सघाउनु हो। चर्चमा विभिन्न थरिका मानिसहरू हुन्छन् र तिनीहरूमा आआफ्नै सोच हुन्छ। कतिपय समयमा व्यक्तिगत सोचहरू बाइबलसम्मत नहुनसक्छन् र मानिस चर्चको आदर्शबाट बरालिन सक्छ। त्यस खालको मानिसलाई उचित मार्गमा ल्याउन चर्चले उसलाई अनुशासनको दायरमा ल्याउनुपर्ने हुन्छ। अनुशासनले चर्चको एकतालाई कसरी सुरक्षित राख्न सक्छ भन्ने मामिला त संवेदनशील मामिला हो। कतिपय समयमा अनुशासनले गर्दा चर्च र चर्चका पदाधिकारीहरूलाई मानिसहरूले गलत पनि सम्झन सक्छन्। तर बाइबलको परिप्रेक्ष्यमा चर्चको अनुशासन दुई महत्त्वपूर्ण क्षेत्रहरूमा केन्द्रित भएको पाइन्छः चर्चको शिक्षादीक्षालाई शुद्ध राख्न र चर्चको जीवन र व्यवहारको शुद्धता तथा स्वच्छतालाई सुरक्षित राख्न।

एक फेरा येशूलाई विश्वास गरेर फेरि उहाँलाई त्याग्ने प्रवृत्ति र बाइबललाई नै औजार बनाएर अनेकौं गलत शिक्षादीक्षा सिकाउने प्रवृत्ति चर्चको सुरुवाटमा पनि थियो, अहिले पनि छ र युगको अन्तसम्म जारिरहनेछ। तर बाइबलको सही सिक्षादीक्षालाई सुरक्षित राख्नु प्रत्येक येशूभक्तको जिम्मेवारी हो। आत्मिक विद्याको शुद्धता र निष्कलङ्कतालाई सुरक्षित राख्नेमात्र होइन समाजमा चाहिने सम्मान र आदरलाई पनि सुरक्षित राख्नुपर्दछ। समाजमा हुने अनेकौं अनैतिकता, बेइमान वा एक आपसलाई ठग्ने संस्कार र मानिसले पाउनुपर्ने उचित व्यवहारबाट बंचित गराउने चलनबाट समाजलाई मुक्त गर्नुपर्दछ। हुनसक्छ सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले सबै समाजलाई अनुशासनमा राख्न आँट गर्न नसक्ला तर प्रत्येक व्यक्ति जो आफूलाई येशूको अनुयायी र परमभक्त भनेर दावी गर्छ उसको स्वस्थ मानसिक, आत्मिक र शारीरिक हक हितको सुरक्षाको निम्ति बाइबलले देखाएको बाटोलाई ओल्याइ राख्न चर्चको जिम्मेवारी हो। किनभने यही सन्दर्भमा पावलले यसरी व्यक्त गर्दछन् "१६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई

लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" (२ तिमोथी ३:१६-१७)।

**यदि चर्चमा रहेका विश्वासीहरूले कुनै कसुर गरे वा भुल गरे त्यसलाई चर्चले कस्तो किसिमको अनुशासन लगाउनुपर्छ ताकि त्यो व्यक्ति अनुशासनमा रहोस् र आफूले अपनाएको गलत बाटोबाट फर्कियोस् भनेर येशूले केही नीतिहरू देहायका पदहरूमा उल्लेख गरेका छन्। हेर्नुहोस् मत्ती १६:१७-१९ "१७ येशूले तिनलाई भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो। १८ म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्। १९ *म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु। जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ।"* र मत्ती १८:१५-२० "१५ "तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गर्‍यो भने, गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो। १६ तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक वा दुई जनालाई लैजाऊ र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस्। १७ यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गर्‍यो भने, मण्डलीलाई भन। त्यसले मण्डलीको कुरा पनि सुन्न इन्कार गर्‍यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस्। १८ "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ। १९ फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, २० किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।"**

हामीहरूको एक आपसको आत्मिक र नैतिक जीवनलाई ठिक ठाउँमा राख्न हामी अनुशासनमा बस्नुपर्छ भन्ने धारणालाई बाइबलले समर्थन गर्दछ। त्यसको अर्थ हामी प्रत्येक एक आपसमा जवाफदेही हुनुपर्दछ। संसारको लहैलहैमा होइन तर बाइबलको नीतिमा हिँड्नु प्रत्येक येशूभक्तको जिम्मेवारी हो। अझ भन्ने हो भने संसारका अरू निकाय होस् वा मानिसहरूबाट चर्चलाई अलग्याउने महत्त्वपूर्ण छाप भनेकै चर्चको पवित्रता हो। सुरुको चर्चको जीवनमै

किन नहोस् कतिपय विश्वासीहरूले गर्दा चर्चको छायाँमा कलङ्क लागेको थियो। इसाईहरूकै माझमा भएका अनैतिक जीवनपद्धतिले गर्दा चर्चले त्यसको खिलाफमा निर्णायक कदमहरू चाल्नु वाध्य भएको थियो। चर्चले नैतिक आदर्शलाई उच्च स्तरमा राखि राख्नैपर्छ।

**येशूलाई विश्वास गर्छु भन्ने इसाईहरूले गर्दा चर्चमा आइपर्ने कठिन परिस्थितिलाई सम्बोधन गर्नुपर्दा के गर्ने भनेर देखाएको देहायका केही नीतिहरूले हामीलाई के सिकाउँछ?** हेर्नुहोस् "१ "अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ। २ किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ। ३ "किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ? ४ अथवा तिम्रो आफ्नै आँखामा मूढ़ा छ भने कसरी तिमी तिम्रो भाइलाई भन्न सक्छौ, 'मलाई तिम्रो आँखाबाट धूलोको कण निकाल्न देऊ।' ५ ए ढोंगी, पहिले आफ्नै आँखाबाट मूढ़ा निकाल, तब तिम्रो भाइको आँखाबाट धूलोको कण निकाल्नलाई तिमी सफासँग देख्न सक्नेछौ।" (मत्ती ७:१-५) र "१ भाइ हो, यदि कुनै मानिस अपराधमा पक्राउ पऱ्यो भने तिमीहरू जो आत्मिक छौ, तिमीहरूले नै नम्रतापूर्वक तिनको सुधार गर। आफ्नै पनि विचार राख, नत्रता तिमीहरू पनि परीक्षामा पर्नेछौ। २ एउटाले अर्काको भार उठाओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर। ३ किनकि कुनै मूल्य नभएको मानिसले आफैलाई केही हुँ भनी ठान्छ भने त्यसले आफैलाई धोका दिन्छ। ४ प्रत्येकले आफ्नै कामको जाँच गरोस्, तब मात्र त्यसले आफैलाई अरूसँग तुलना नगरी आफैमाथि गर्व गर्न सक्छ। ५ किनभने हरेकले आफ्नो भार आफै उठाउनुपर्छ। ६ वचनको शिक्षा पाउने हरेकले आफ्ना सबै असल थोकहरू वचन सिकाउनेसँग बाँड़चूड़ गर्नुपर्छ। ७ धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ। ८ जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्दछ, त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ। तर जसले आत्माको निम्ति रोप्तछ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ। ९ भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं। १० यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन्।" (गलाती ६:१-१०)।

चर्चको अनुशासनको आवश्यकतालाई बाइबलले सिकाएको विद्यालाई हामी पन्छाउन सक्दैनौं। बाइबलले देखाएको अनुशासनमा नरहि संसारलाई हामी इसाई भनेर हौं भनेर देखाउन सुहाउँदैन। पावलले कोरेका अर्तीहरूमा विश्वासीलाई पापको दुष्ट्याईंबाट अलग राख्ने गुणहरू छन्। अनुशासन भनेको कसैलाई सजायँ व गिराउने काम होइन तर सकेसम्म दुष्ट्याईंबाट मुक्त भएर राख्ने हुनुपर्छ। हामी सबै पापी हौं र हामी सबैलाई परमेश्वरको अनुग्रहको खाँचो छ भन्ने कुरा बिर्सनुहुन्न। त्यसकारण जब हामी कसैमाथि अनुशासन चलाउँछौं तब हामीहरूको आफ्नै कमिकमजोरिप्रति पनि नम्र भएर सजग हुनुपर्छ।

**भूल गर्ने वा पापमा फसेका विश्वासीप्रति अनुशासन लगाउँदा वा आलोचना नै गर्दा उसलाई सजायँ दिनुभन्दा उद्धार गरिने दृष्टिले व्यबहार गर्न हामीले कसरी सिक्ने?**

## ५. सुसमाचार सुनाउने लक्ष्यको निम्ति संगठित हुने

यस अध्ययन पुस्तकमा र अरू बाइबल अध्ययन पुस्तकहरूमा हामीहरूले बारम्बार भनिरहेका छौं कि संसारमा परमेश्वरको वचन पुऱ्याउने लक्ष्यमा लाग्न हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू सुसंगठित भएका छौं। हामीहरू सबै मन मिल्ने, मन मिल्ने साथीहरू मिलेर बनेको सामाजिक क्लब जस्ता होइनौं। हो, हामीहरूमा सबैको मन मिल्नुपर्छ भन्ने चाहना त छ नै। हामीहरूको हृदयमा प्रेमपूर्वक साँचिराखेको सत्यसंसारका अरू मानिसहरूलाई सुनाउन हामीहरूलाई भेला गराइएको हो।

**येशू स्वर्गमा उक्लिनुभन्दा अघि आफ्ना चेलाहरूलाई अन्तिम आदेश दिनुभएको थियो। त्यस आदेशमा यस संसारमा तिनीहरूको लक्ष्य के हो भनेर निर्देशन दिनुभएको थियो। चेलाहरूलाई दिनुभएको त्यस आदेशमा के मूल शब्दहरू छन् जसले चेलाहरूको कामलाई औंल्याउँछन्? के बर्तमान परिप्रेक्ष्यमा पनि ती शब्दहरू हाम्रो चर्चका लागि सान्दर्भिक छन् त? हेर्नुहोस् मत्ती २८:१८-२० "१८ तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।"**

येशूले चेलाहरूलाई दिनुभएको महान् निर्देशनमा चारवटा मूल सक्रिय क्रियापदहरू छन्: जाऊ, चेलाहरू बनाऊ (अर्थात् येशूका वचन पालन गर्ने उहाँका साथीहरू (यूहन्ना १५:१४)), बप्तिस्मा देऊ र सिकाऊ। ग्रीक भाषाको व्याकरण अनुसार ती क्रियापदहरूको मूल क्रियापद चेला बनाऊ हो, र बाँकी तीन क्रियापदहरूले चेलाहरू कसरी बनिन्छन् भनेर सिकाउँछ। जब सबै राष्ट्रहरूमा येशूका विश्वासीहरू जान्छन्, सुसमाचार सुनाउँछ, बप्तिस्मा दिइन्छन र येशूले भनेका वचनहरू पालन गर्न सिकाउँछन्।

जब चर्चले येशूको निर्देशनलाई पालन गर्दछन् तब परमेश्वरको राज्यको बिस्तार हुन्छ, र सबै देशका विभिन्न दर्जा र थरिका मानिसहरू येशूलाई तिनीहरूको मुक्तिदाता भनेर स्वीकार गर्दै उहाँको राज्यमा सम्मिलित हुन्छन्। जब येशूले दिनुभएको बप्तिस्मा दिने आज्ञा र उहाँका शिक्षादीक्षाहरू पालन गर्दछन् तब जगतव्यापी परिवारको सृजना हुन्छ। नयाँ चेलाहरूलाई पनि जब तिनीहरूले अरू नयाँ चेलाहरू बनाउँछन् तब तिनीहरूको दैनिक जीवनमा येशूको उपस्थित हुने प्रतिज्ञाको उपभोग गर्दछन्। येशूको उपस्थित हुनु नै परमेश्वरको उपस्थित हुने प्रतिज्ञा हो। "परमेश्वर हामीहरूसँग" (मत्ती १:२३) भन्ने शब्दहरूलाई प्रयोग गरेर येशूको जन्मको घोषणा मत्तीले गर्दछन्, र दोस्रो आगमन नहुञ्जेल येशू निरन्तररूपमा चेलाहरूको माझमा हुनुहुनेछ भनेर मत्तीको पुस्तक अन्त्य गर्दछन्।

"चेलाहरूलाई तिनीहरूको काम सजिलो हुन्छ भनेर उहाँले भन्नुभएन।...तर तिनीहरूकोसाथमा हुनुहुनेछ भनेर येशूले आफ्नो प्रतिवद्धता जनाउनुभएको थियो। यदि तिनीहरू विश्वासद्वारा चल्यौं भने सर्वशक्तिमान परमेश्वरको ढालमुनि तिनीहरू परिचालित हुनेछन्। तिनीहरूलाई बलबान र सुरो हुन उहाँ भन्नुहुन्छ। स्वर्दूतहरूभन्दा पनि शक्तिशाली व्यक्ति तिनीहरूको साथमा हुनेछन्। त्यो व्यक्ति कोही नभएर स्वर्गका सैनिकहरूको सेनापति हुनुहुन्छ। येशूका चेलाहरूले गर्नुपर्ने काममा पूरा रूपमा सघाउन र सोको सफलताको पूरा जिम्मेवारी उहाँले लिनुभएको छ। जबसम्म तिनीहरूले उहाँको वचन पालन गर्दछन् तबसम्म तिनीहरू येशूसँगै मिलेर काम गरिरहेका हुन्छन्। यस्तो परिवेशमा येशूका कोही पनि चेला असफल हुँदैन।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. २९बाट रूपान्तरित।

**येशू ख्रीष्टको उपस्थिति उहाँ नआउञ्जेलसम्म हुने उहाँको प्रतिज्ञाको अर्थ के हो बुझ्न कोशिश गर्नु होस्। येशूले हामीलाई दिनुभएको निर्देशनलाई**

**पालन गर्न हामीहरूले गर्ने प्रयासमा हामीसँग येशू हुनुहुने प्रतिज्ञाको यथार्थतालाई हामीले कसरी अनुभव गर्ने?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित *टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स,* पृ. ४८५-५०५को लेख "इन्डिभिडयुल रेस्पोन्सिबिलिटी एण्ड क्रिश्चियन युनिटी, *गस्पल वर्कर्समा* लिखित पृ. ४८३-४८५ को "युनिटी एण्ड इन डाइभर्सिटी" लेख र पृ. ४९८-५०३को "चर्च डिसिप्लिन" लेख। *द एलेन जी ह्वाइट इन्साइक्लोपिडियाको* पृ. ७०७-७१०को "चर्च" र पृ. ७१२-८१४ "चर्च अर्गनाइजेशन" पढ्नुहोस्।

"असल अगुवा वा नेतृत्व बहन गर्ने नीतिहरू समाजको सबै क्षेत्रहरूमा लागु हुन्छ र चर्चमा पनि लागु हुन्छ। तर चर्चमा नेतृत्व गर्ने व्यक्ति अगुवा मात्र होइन ऊ सेवक पनि हुनु जरुरी छ।

"तर अगुवा हुनु र सेवक हुनु भन्ने धारणा एक आपसमा बाझिएको हुन्छ। कसरी एकै जनाले अगुवाई पनि गर्न सक्छ र फेरि त्यसै वखत अरूको सेवा पनि गर्न सक्छ र? के अगुवा वा नेतृत्व वर्गले सम्मानको स्थान ओगटेको हुँदैन र? के उनले आदेश दिने र अरूले उनको कुरा सुन्ने अपेक्षा उनले गर्दैन र? तर उनले तल्लो स्तरमा सेवकको भूमिका खेलेर आदेशलाई कसरी लिने र त्यसलाई पालन गर्ने?

"नेता पनि सेवक हुने कुरा संसारको दृष्टिकोणमा बाझिने कुरा जस्तो हुन्छ तर त्यसलाई सुल्झाउन हामी येशूतिर हेर्नुपर्दछ। अगुवा वा नेतृत्ववर्गको नीति येशूले उत्कृष्ट तरिकाले देखाउनुभयो। उहाँले सम्पूर्ण जीवन अरूको सेवा गर्नुमा बिताउनुभएको थियो। फेरि त्यसै समयमा यस संसारले कहिल्यै थाहा नपाएको अत्यन्त महान् अगुवा हुनुभएको थियो।"-जी. आर्थर कियो, *आवर चर्च टुडेः ह्वाट इट इज एण्ड क्यान बी.* (वाशिङ्गटन, डी.सी. एण्ड नाशभिलः रिभ्यु एण्ड हेराल्ड, १९८०), पृ. १०६बाट रूपान्तरित।

## चिन्तनमननः

अ) **सेवक-अगुवा भन्ने धारणाप्रति अझ सोच्नुहोस्। यस संसारमा के यस्ता अगुवाहरू, नेताहरू छन् जो सेवक पनि भएको आभास् दिएका छन्?**

आ) मत्ती २०:२५-२८ फेरि पढ्नुहोस्। परमेश्वरको दृष्टिकोणमा महान् (मत्ती २०:२६) भन्नुको अर्थ के हो विशेष गरेर आजको संसारमा अरूलाई गिराएर आफू ठूलो हुने वा ठूलो पद खोस्ने परिप्रेक्ष्यमा? हेर्नुहोस् "२५ तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। २६ तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। २७ जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, २८ जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।" मत्ती २०:२५-२८।

इ) चर्चको अगुवाहरूको एउटा काम हो चर्चलाई एकताको शुत्रमा बाँधिराख्ने। तर चर्चको अगुवा पनि मानिसै भएको कारणले तिनीहरू सिद्ध नमुना हुन नसक्ने परिप्रेक्ष्यमा कहिलेकाहीँ तिनीहरू ढलमलिए भने हामीले के गर्ने?

ई) कसैले कसुर गरेको छ वा पापमा फसेको छ भने त्यसमाथि अनुग्रही र प्रेमको भावनाले अभिप्रेरित भएर उसलाई अनुशासनमा कसरी राख्ने? जब कसैलाई अनुशासनमा राख्न हामी वाध्य हुन्छौं तब येशूले भन्नुभएको मत्ती ७:१२लाई हामीले हरदम किन सम्झिरहनुपर्छ? हेर्नुहोस् "मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षाको सारांश हो।"

**सारांशः** चर्चका विश्वासीहरूलाई एकै थलोमा राख्न र चर्चको लक्ष्यलाई सुरक्षित राख्न असल चर्च संगठित हुनु जरुरी छ। तर त्यस चर्चको शिर वा मूल अगुवा येशू हुनुहुन्छ र जब तिनीहरूले परमेश्वरको जनहरूको नेतृत्व गर्छन् तब तिनीहरूले उहाँको उदारणलाई पछ्याउनुपर्दछ। जब परमेश्वरको वचनलाई इमान्दारिपूर्वक सिकाउँछन् र त्यस वचन अनुसार विश्वासीहरू चल्छन् तब चर्चको एकता सुरक्षित भएको हुन्छ।

# कथा १२
# हराएकी बहिनी
## आन फोगेहान, ३८ थाइलान्ड

**येशूलाई विश्वास गर्न पुग्छु भन्ने आनलाई कहिल्यै पनि लागेको थिएन**

आनको बाबुको ठेगान नभएकोले एक्ली आमाले उनलाई हुर्काएकी थिइन्। लाओसको सिमानामा रहेको थाइल्याण्डको गाउँमा रहेको मन्दिरमा नियमित रूपमा ध्यान गर्न पुग्दथी। मन्दिरको विभिन्न क्रियाकलापमा उनले सक्रियताकासाथ भाग लिन्थिन्। कहिलेकाहीँ उनी मन्दिरमै सुत्दथिन्।

जब उनले आफ्नो हाइस्कूलको पढाई सकिन् तब उनको घरभन्दा १५ घन्टा लामोबाटो भएको सेभेन्थ-डे एडभेन्टिस्ट मिशन कलेजमा जान उनले निर्णय गरिन्। त्यो कलेज अहिले एसिया पासिफिक इन्टरनेशनल युनिभर्सिटी भएको छ। त्यस कलेजमा पढेर आएको एक जना पाहुनाको अनुसार त्यस कलेजमा काम गरेर त्यसकै पैसाले टयुशन पढ्न सकिन्छ भनेर थाहा पाएकीले नै त्यस कलेजमा जान उनले निर्णय गरेकी थिइ।

"आमा, हामीसँग पैसा छैन तर म पढ्नुपर्छ। त्यसकारण म त्यो कलेजमा जान चाहन्छु" आनले उनको आमालाई भनिन्।

जब उनी त्यस मिशन कलेजमा गइन तब त्यहाँ काम र अध्ययनमा व्यस्त भइन्। आफ्नो अङ्ग्रेजी भाषालाई बलियो पार्न उनी साबथ स्कूलमा सरिक हुन्थिन्। त्यहाँ पहिलो पल्ट प्रार्थनाको शक्तिको बारेमा सुनिन्।

"परमेश्वरले जो सुकैलाई पनि अचम्मको काम गर्न सक्नुहुन्छ। तर उहाँलाई विश्वास गर्नुपर्छ। यदि उहाँलाई कसैले उहाँमाथि भरोसा राखेर उहाँको वचन पालन गरेर प्रार्थना गर्छ भने उहाँले आशिष दिनुहुनेछ" शिक्षकले भने। तर आनले परमेश्वरलाई विश्वास गरिनन्।

"यदि तिमीले मनदेखि प्रार्थना गर्‍यौ भने परमेश्वरले तिम्रो प्रार्थनालाई सुन्नुहुनेछ" शिक्षकले भने। आनले फेरि पनि उनलाई विश्वास गरिनन्।

### प्रथम प्रार्थना

गर्मीको छुट्टीमा उनी आफ्नो घरमा फर्किन्। एक दिन नयाँ बिशालबजारमा जाँदा उनी त्यहाँ हराइन्। ४:३०बजे उनले आफ्नी आमालाई भेट्नु परेको थियो। आमासँग बस स्टपमा गएर मिशन कलेजमा फर्कनुपर्थ्यो। तर आमाले भनेको ठाउँ कहाँ हो सो भेट्टाउन सकिनन्। अनि पाँच बजेसम्म

आफ्नी आमालाई चिन्तित भएर खोजिन् तर उनलाई भेट्टाइनन्। आनलाई ठूलो पिर पऱ्यो। अनि साबथ स्कूलको शिक्षकले प्रार्थना गर्नुपर्छ भनेको वचन उनलाई याद आयो। अनि उनले प्रार्थना गर्न थालिन्।

"हे प्रभु यदि म तपाईंको ठाउँमा फर्केर गएर तपाईंको बारेमा मैले अझ जानेको चाहनुहुन्छ भने मेरो आमालाई भेट्टाइदिनुहोस्" पहिलो पल्ट आनले प्रार्थना गरिन्।

जब उनले आफ्नो आँखा खोलिन् तब उनको आमा उनको उभिरहेकी थिइन्। आनले समयमै बस पक्रिन्। जब उनी आफ्नो कलेजमा जान बस चढने बस स्टपमा आइन् तब आफ्नो बस नछुटेको भेट्टाइन्। कुनै मशिनको गडबडले गर्दा बस नछुटेको रहेछ भनेर उनले थाहा पाइन्। नत्र भने उनको कलेज जाने बस छुट्थ्यो।

"मलाई अत्यन्त अचम्म लाग्यो। परमेश्वरको शक्तिको बारेमा त्यो नै मेरो पहिलो अनुभव थियो" आनले चकित भएर भनिन्।
तै पनि आन येशूभक्त हुन चाहिनन्।

आनकी आमा आफ्नी छोरी भएको कलेज नजिक हुन बैङ्कमा सरिन्। आनकी सानी बहिनीको साथमा उनी आइन्। एक दिन आमाले रोएर आनालाई फोन गरिन् "तिम्रो बहिनी कहाँ गइन् थाहा भएन। म अब के गरूँ?"

अनि आनले आफ्नो कलेजबाट छुट्टी मागेर बैङ्कमा जाने सुरसार गरिन्। तर उनी बसमा जानुभन्दा अघि प्रोफेसरले उनीसँग प्रार्थना गरे र भने "प्रार्थना गर्दै रहनु र परमेश्वरमाथि भरोसा राख्नु र उहाँले तिमीलाई अगुवाई गर्नु हुनेछ।"

जब उनी बैङ्कक जान बसमा चढिन् उनी नरोकिकन प्रार्थना गर्दैरहिन्। जब उनी आमाको घरमा आइन् तब उनले थाहा पाइन् कि आमासँग कचकच भएपछि उनको बहिनी हराएकी थिइन्।

"तिम्रो बहिनीलाई खोज्न के तिमी सक्छौ? दिनभरी म उनलाई खोज्दा खोज्दा थाकिसकें" आमाले भनिन्।

आनले तिन दिनसम्म आफ्नी बहिनीलाई खोजिन्। तीन दिनपछि बहिनीलाई भेट्टाउने आशा मरिसकेको थियो। आफ्नी आमाकहाँ आएर रोइरहेकी आमालाई भेट्न उनलाई मन लागेको थिएन जान। बिस्तारै घर फर्किरहेको बेलामा बजारको एउटा लुगा पसलमा गइन्। तब त्यसबेला एउटी

महिलाले उनको हात समातिन् र सोधिन् "तिमी कहाँ जान्दैछौ।" "म घर फर्किंदै छु" आनले भनिन्। "तिमीले जसलाई खोजिरहेकी छ्यौ त्यसको लागि खोज्नुपर्दैन अब" त्यस अपरिचित व्यक्तिले भनिन्। आनले अचम्म मानेर उनलाई हेरिन् र भनिन् "मैले कसैको खोजि गरिरहेको छैन। म घर फर्किंदैछु।" ती महिला एक छिन चुप रहिन् र भनिन् "दुई तीन दिनपछि उनी घरमा फर्किनेछिन्। तिमीले उनलाई खोज्नु पर्दैन।" "मैले कसैलाई खोजिरहेको छैन" जिद्दी गर्दै आनले भनिन्। ती महिला हाँसिन र सडको पेटीमा बसिन्।

दुई दिनपछि आनले आफ्नी बहिनीलाई खोजेर घर फर्किन्। त्यसबेला उनकी बहिनी घरमा आइसकेकी थिइन्। उनी बजारमा त्यस अपरिचित महिलालाई खोज्न गइन् तर उनी कहीँ पनि थिइनन्। फेरि भोलिपल्ट पनि त्यस महिलालाई खोज्न आन बजारमा आइन् तर उनले त्यस महिलालाई भेट्टाउन सकिनन्।

यो प्रार्थनाको अचम्मको जवाफले आनको हृदय छोयो। पछि उनले येशूलाई विश्वास गर्न पुगिन् र मिशन स्कूलमा शिक्षिका बनिन्। अहिले उनी थाइल्याण्डको कोराट सहरमा रहेको एडभेन्टिस्ट मिशन स्कूलको प्रिन्सिपल छिन्।। त्यस स्कूलमा किन्डर गार्टेनदेखि नौ कक्षासम्म स्कूल संचालन भइरहेको छ। त्यहाँ १५जना विद्यार्थीहरू पढ्छन्।

लेखकः *आन्ड्र्यु मेकचेसनी*